**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.२५३

पुनरावेदन नं. ०७७-RB-०११९

**मुद्दाः– आयकर (२०७२।०७३)।**

का.जि.का.म.न.पा.वडा नं.३० ज्ञानेश्वरमा केन्द्रिय कार्यालय रहेको साविक कास्की फाइनान्स लि. (स्थायी लेखा नं. ३०२४८६५३३) गाभिई कामना सेवा विकास बैंक लि. कायम भएको र हाल सेवा विकास बैंक लिमिटेडमा गाभिई कायम भएको कामना सेवा विकास बैंक लिमिटेडको तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेत.......................................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री झलकराम अधिकारी

शुरु कर्यालयको निर्णय मितिः-२०७६।११।२३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री डण्डपाणी भट्टराई

: विद्वान अधिवक्ता श्री मुकुन्द प्रसाद पौडेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

सावविक कास्की फाइनान्स लिमिटेडको हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।११।२३ को कर निर्धारणको निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा मिति २०७७।०३।०८ मा निवेदन दिएकोमा आयकर ऐन, २०५८ दफा ११५(८) बमोजिमको समयभित्र निर्णय हुन नसकेको भनि आन्तरिक राजस्व विभागलाई सूचना दिई सो उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

**तथ्य खण्ड**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता साविक कास्की फाइनान्स लि. ले आ.व. २०७२।०७३ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. ८,७४,०५,६२६।५५ देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समक्ष मिति २०७३।०९।१८ मा विवरण पेश गरेको।

२. प्रस्तुत करदाता कास्की फाइनान्स लिमिटेडको आ.व. २०७२/०७३ मा आय विवरण र सोसंग सम्बन्धित कागजात तथा विवरणको अध्ययन, छानविन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने केही भुक्तानीमा अग्रिम कर कट्टी गरेको नपाईएकोले ऐनको दफा ८७ र ८८ बमोजिमको अग्रिम करकट्टी माग गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर दाखिल गर्ने बारेको विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।११।१३ मा जारी भएको सूचना।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।११।१३ मा जारी भएको सूचना करदाताले मिति २०७६।११।१५ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७६।११।२१ मा पेश गरेको।

४. करदाताले कम दाखिल गरेको ब्याज कर रकम रु १३,४७,६०१।१४ मा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने ब्याज (मिति २०७३ श्रावण देखि २०७६ फाल्गुनसम्म) रु.७,४१,१८०।६३ सोही ऐनको दफा १२०(क) वमोजिम लाग्ने शुल्क रु ६,७३,८००।५७ समेत जम्मा रु.२७,६२,५८२।३४ दाखिला गर्न लगाउने भनी ठूला

करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।११।२३ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६।११।२३ मा जारी गरेको आ.व. २०७२।०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता कास्की फाइनान्स लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।०३।०८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. करदाताले ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।११।२३ मा भएको अग्रिम कर निर्धारण आदेशमा चित्त नबुझाई प्रशासकीय पुनरावलोकनको लागि मिति २०७७।०३।०८ मा आन्तरिक राजश्व विभागमा निवेदन पेश गरेकोमा आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम ६० दिनभित्र निर्णय गरि सक्नुपर्नेमा सो नभएको कारणबाट आयकर ऐन, २०५८ को दफा ११५(९) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरेको।

७. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट संशोधित कर निर्धारण आदेश गर्दा करदाता कास्की फाइनान्स लिमिटेडले लेखापरिक्षण संग सम्बन्धित कर कट्टी नगरेको हुनाले सोमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले हुने रकम रु.३४,३७०।०० मा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने ब्याज रु.१८,८८७।०० र दफा १२०(क) बमोजिमको शुल्क रु.१७,१७०।०० समेत गरि जम्मा रु.७०,३९७।०० शुल्क लाग्ने प्रत्यर्थी कार्यालयको निर्णय रहेको सम्बन्धमा लेखापरिक्षणसँग सम्बन्धित खर्च रु.२,२८,९३३।०० आयकर ऐन, २०५८ को दफा १३ बमोजिम आयकर ऐन, २०५८ को अधिनमा रहि कारोबारसंग सम्बन्धित खर्चहरु भएका र उक्त रकम वास्तविक खर्चको शोधभर्ना भएको हुंदा आयकर ऐन, २०५८ को दफा ८८(१) को व्यवस्था अनुसार अग्रिम कर कट्टी गर्नु नपर्नेमा अग्रिम कर कट्टी गर्नुपर्ने गरी भएको निर्णय त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदक करदाताको जिकिर रहेको देखिन्छ। त्यसैगरी प्रत्यर्थीले निर्णय पर्चामा आ.व. २०७२।०७३ मा ब्याज खर्च रु.१७,६६,२९,२४०।०० मा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम क्र.म.स. १५, ५ र ० प्रतिशतले हुने जम्मा रकम रु.१,१४,०३,३४५।०० कट्टी गरि दाखिला गर्नुपर्नेमा रु.१,००,५५,७४३।६३ मात्र कम दाखिला गरेको पाईएको हुंदा कम दाखिला गरेको रकममा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने ब्याज रु.७,४१,१८०।६३ र आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम लाग्ने शुल्क रु.६,७३,८००।५७ समेत गरी कुल जम्मा रु.२७,६२,५८२।३४ माग गर्ने भन्ने प्रत्यर्थी कार्यालयको जिकिर

सम्बन्धमा कास्की फाइनान्स लिमिटेड कम्पनी ऐन, २०६३ को अधिनमा तोकिएको मापदण्ड र कार्याविधि पूरा गरि नियामक निकाय नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्टारको कार्यालयको स्वीकृति लिएर मिति २०७३।०३।०६ मा साविक कामना सेवा विकाश बैंकमा गाभिएर कास्की फाइनान्स लिमिटेडको सम्पूर्ण दायित्त्व कामना सेवा विकाश बैंकले लिएकोले तत्कालिन कास्की फाइनान्स लिमिटेडबाट ब्याज खर्चमा कट्टी गरिएको अग्रिम कर रकम पनि कामना सेवा विकाश बैंकले मिति २०७३।०४।२४ मा भौचर निस्शा नं. १९८०६७७ बाट भुक्तानी गरि सकेको हुनाले प्रत्यार्थी कार्यालयबाट रु.१३,६७,६०१।१४ कम दाखिल गरेको भन्ने कुरा झुटो हो। तसर्थ, दाखिल गरिसकेको रु.१३,६७,६०१।१४ र सो मा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने ब्याज रु.७,४१,१८०।६३ र सोहि ऐनको दफा १२०(क) बमोजिम लाग्ने शुल्क रु.६,७३,८००।५७ समेत गरि कुल जम्मा रु.२७,६२,५८२।३४ माग गरि आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम अग्रिम कर कट्टी निर्धारण गर्ने गरी विपक्षी कार्यालयबाट भएको संशोधित कर निर्धारणको निर्णय कानूनसम्मत नदेखिंदा सो निर्णय बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको करदाताले यस न्यायाधिकरणमा मिति २०७७/६/२५ मा दर्ता गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।१०।२७ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाताको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताद्वय श्री डण्डपाणी भट्टराई र श्री मुकुन्द प्रसाद पौडेलले अग्रिम कर माग गर्ने गरी ठुला करदाता कार्यालयबाट भएको निर्णय आयकर ऐन, २०५८ को मौजुदा कानूनी व्यवस्थाको मर्म र भावना विपरीत छ। लेखा परिक्षण शुल्क तथा ब्याज खर्चको करकट्टीका सम्बन्धमा प्रत्यर्थी कार्यालयबाट अग्रिम कर दाखिला नभएको भनी भएको निर्णय मनोगत र आत्मपरक भएकाले उक्त अग्रिम कर निर्धारणको आदेश बदर गरी न्याय निरोपण गरी पाउँ भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

१०. त्यसैगरी प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले

अग्रिम कर कट्टीका सम्बन्धमा प्रस्तुत मुद्दामा उठेका विवादका विषयमा प्रत्यर्थी कार्यालयबाट भएको निर्णय कानूनसम्मत नै हुँदा सदर हुनुपर्छ भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

११. प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा करदाताको हकमा ठूला करदाता कार्यालय ललितपुरबाट भएको अग्रिम कर माग गर्ने आदेश मिलेको छ छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

१२. निर्णयतर्फ विचार गर्दा, करदाताको पहिलो पुनरावेदन जिकिर लेखा परिक्षण शुल्कसँग सम्बन्धित रहेको देखिन्छ। ठूला करदाता कार्यालयबाट भएको निर्णयानुसार करदाताले लेखा परीक्षणसँग सम्बन्धित खर्च रकम रु.२,२८,९३३।- कट्टी गर्नुपर्ने सो नगरेको कारणबाट उक्त रकममा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले हुने रकम तथा सो मा लाग्ने व्याज तथा शुल्क गरी रु.७०,३९७।- माग भएको देखिन्छ। लेखा परिक्षणसँग सम्बन्धित खर्च रु.२,२८,९३३।- आयकर ऐन, २०५८ को दफा १३ बमोजिम आयकर ऐन, २०५८ को अधिनमा रही कारोवारसँग सम्बन्धित खर्चहरु भएको र उक्त खर्च वास्तविक खर्चको शोधभर्ना भएको हुँदा आयकर ऐन, २०५८ को दफा ८८(१) को व्यवस्था अनुसार अग्रिम कर कट्टी गर्नु नपर्ने हुँदा सो सम्बन्धी भएको ठूला करदाताको निर्णय बदर हुनु पर्दछ भन्ने करदाताको मुख्य पुनरावेदन मागदावी रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ८८(१) मा *"बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ।"* भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा २ को खण्ड (कम) मा *"सेवा शुल्क भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवा वापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समेत जनाउँछ।"* भनी परिभाषा गरेको देखियो। लेखापरीक्षण शुल्क पनि लेखापरीक्षण सेवा दिए वापत लेखापरीक्षकले प्राप्त गर्ने भुक्तानी भएकोले त्यस्तो भुक्तानी गर्दा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने नै देखिन्छ। लेखापरीक्षण शुल्क वापत भुक्तानी गरेको रु.२,२८,९३३।- आयकर ऐन, २०५८ को दफा १३ वमोजिम खर्च कट्टी पाउनुपर्ने खर्च भएकोले अग्रिम कर कट्टी गर्न नपर्ने भन्ने करदाताको पुनरावेदन जिकिर कानून सम्मत देखिएन।

१३. त्यसै गरी करदाताको अर्को पुनरावेदन जिकिर ठूला करदाता कार्यालयबाट भएको कर निर्धारण आदेशको क्रममा आ.व.२०७२।०७३ मा ब्याज खर्च रु.१७,६६,२९,२४०।- मा

आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५, ५ र शून्य प्रतिशतले हुने रकम रु. १,१४,०३,३४५।- कर कट्टी गरी दाखिला गर्नुपर्नेमा रु.१,००,५५,७४३।८६ मात्र दाखिला गरेकोले कम दाखिला रकम रु.१३,४७,६०१।१४ मा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने व्याज र सोही ऐनको दफा १२०(क) बमोजिम हुने शुल्क समेत गरी रु.२७,६२,५८२।३४ माग गर्ने कार्य कानूनसम्मत नभएको भन्ने रहेको देखिन्छ।

१४. पुनरावेदक करदाता साविक कास्की फाइनान्स लिमिटेड कम्पनी ऐन, २०६३ तथा प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन (BAFIA) ले तोकेको मापदण्ड र कार्यविधी पुरा गरी नियमक निकाय नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृती लिई तत्कालिन कामना विकास बैंकमा गाभिई मिति २०७३।३।६ देखि कामना विकास बैंक लिमिटेडको नाममा एकिकृत कारोवार गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ४७क. मा व्यवसाय गाभिएको कारणले हुने निःसर्ग सम्बन्धी विशेष व्यवस्था रहेको देखिन्छ। उक्त ऐनको दफा ४७क. को उपदफा (१) मा "*बैङ्किङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा दफा ५७ को उपदफा (२) को खण्ड (क),(ख),(घ),(ङ),(च), र (छ) तथा सोही दफाको उपदफा (३) को व्यवस्था लागू हुने छैन।*" भन्ने व्यवस्था गर्दै उपदफा (२) को खण्ड (ग) मा दायित्वको निःसर्गको हकमा *"(१) निःसर्गको तत्काल अघि त्यस्तो दायित्वको बजार मूल्य र खुद आम्दानीमध्ये जुन घटी हुन्छ सो बराबरको रकम निःसर्ग बापत सो व्यक्तिको लागत परेको मानिनेछ, र (२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम दायित्व बहन गर्ने व्यक्तिले त्यस्तो दायित्व बहन गरे बापत प्राप्त गरेको मानिनेछ।"* भन्ने व्यवस्था रहेको देखियो। तत्कालिन कास्की फाईनान्स लिमिटेड तत्कालिन कामना सेवा विकास बैंक लिमिटेडमा गाभिँदा कास्की फाईनान्स लिमिटेडको सम्पूर्ण स्वामित्व र दायित्व कामना विकास बैंक लिमिटेडले बहन गरेको देखिन्छ। बैंकिङ कारोवार गर्ने एकै प्रकृतिको निकायहरु मर्जर वा एक्युजिशन हुने क्रममा गाभ्ने निकायले गाभिने निकायको सम्पूर्ण दायित्व बहन गर्नुपर्ने कानूनी प्रावधान आयकर ऐन, २०५८ को दफा ४७क. को उपदफा (२) को खण्ड (ग) ले निर्दिष्ट गरेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्था बमोजिम तत्कालिन कास्की फाईनान्स लिमिटेडबाट ब्याज खर्चमा कट्टी गरिएको अग्रिम कर रकम कामना विकास बैंक लिमिटेडले मिति २०७३।४।२४ मा भौचर निस्सा नं. १९८०६७७ बाट भुक्तानी गरेको भन्ने दावी लिई उक्त भौचर मिसिल सामेल गरेको समेत देखिन्छ। यसरी पुनरावेदक करदाताले एकै प्रकृतिको कारोवार गर्ने निकायलाई आफूमा गाभी आयकर ऐन, २०५८ को दफा ४७क.(२)(ग) को कानूनी व्यवस्था बमोजिम कर दायित्व बहन गरी कर समेत दाखिला गरेको भन्ने आधारलाई मिसिल सामेल भौचरबाट पुष्टि गराई शुरु कार्यालयमा

जवाफ पेश गर्दा नै ठोस आधार प्रस्तुत गरेको देखियो। ठूला करदाता कार्यालयले निर्णय पर्चामा भौचर नं.१९८०६७७ बाट कामना सेवा विकास बैंक लिमिटेडले स्थायी लेखा नं. ३०२६४५८९१ उल्लेख गरी रु.६०,७३,७४८।- बुझाएको स्वीकार गरे पनि उक्त दायित्व आयकर ऐन, २०५८ को दफा ४७क. बमोजिम वहन गरेको किन नमानेको हो भन्ने सम्बन्धमा कुनै आधार दिन सकेको देखिएन। यसरी हाल कायम कामना सेवा विकास बैंकले गाभिएको कास्की फाइनान्स लिमिटेडको अग्रिम करको दायित्व वापत रकम बुझाएकोमा त्यसलाई अमान्य गर्नु पर्नाको कानूनी आधार नै नदिई अग्रिम कर वापतको रकम रु.१३,४७,६०१।१४ कम दाखिला गरेको भनी सो रकममा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने ब्याज तथा सोही ऐनको दफा १२०(क) बमोजिम हुने शुल्क समेत दाखिला गर्नुपर्ने भनी गरेको अग्रिम कर निर्धारण आदेश सो हदसम्म कानूनसम्मत नदेखिँदा बदर गरी पुनःकर निर्धारण गर्न फाइल शुरुमा पठाउनु पर्ने देखियो।

१५. अतः माथि विवेचित आधार एवं कारण समेतबाट हालको कामना विकास बैंक लिमिटेडमा गाभिएको साविक कास्की फाईनान्स लिमिटेडको आ.व.२०७२।०७३ को अग्रिम करको दायित्व हाल अस्तित्वमा रहेको करदाता कामना विकास बैंक लिमिटेडले मिति २०७३।४।३० मा बुझाईसकेको भनी जिकिर लिएकोमा अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७६।११।२३ मा भएको निर्णय मिलेको नदेखिँदा बदर गरिदिएको छ। अव करदाता साविक कास्की फाईनान्स लिमिटेडको आ.व.२०७२।०७३ मा दाखिल गर्नुपर्ने अग्रिम कर दाखिला भएको हो वा होईन भन्ने सम्बन्धमा यकिन गरी कुन कुन दायित्व वापत के कति रकम दाखिल गरेको हो भन्ने सम्बन्धमा करदाताबाट प्रमाण दाखिल गराउन परे सो समेत गरी पुनः निर्णय गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा पठाईदिने ठहर्छ। करदाताको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम हालको कामना विकास बैंक लिमिटेडमा गाभिएको साविक कास्की फाईनान्स लिमिटेड आ.व.२०७२।०७३ को अग्रिम करको दायित्व हाल अस्तित्वमा रहेको करदाता कामना विकास बैंक लिमिटेडले मिति २०७३।४।३० मा बुझाईसकेको भनी जिकिर लिएकोमा अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७६।११।२३ मा भएको निर्णय बदर भई करदाता साविक कास्की फाईनान्स लिमिटेडको आ.व.२०७२।०७३ मा दाखिल गर्नुपर्ने अग्रिम कर दाखिला भएको हो वा होईन भन्ने सम्बन्धमा यकिन गरी कुन कुन दायित्व

वापत के कति रकम दाखिल गरेको हो भन्ने सम्बन्धमा करदाताबाट प्रमाण दाखिल गराउन परे सो समेत गरी पुनः निर्णय गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा पठाईदिने भन्ने ठहरी फैसला भएको हुँदा सो बमोजिम गर्नु भनी यो फैसलाको प्रतिलिपी सहित सुरु मिसिल ठूला करदाता कार्यालयमा पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः प्रमोद रिजाल
कम्प्यूटर अपरेटरः चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल चैत्र १२ गते रोज १ शुभम् ----------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप